स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल


प.सं.: ०८०।०८१
सूचना नं. : ४५

मिति: २०८१।०२।३२
ने.सं.: (११४४ तछलाथ्व, ८ शुक्रबार)

## शुभकामना

प्रत्यक नयाँ वर्षको जेष्ठ मसान्त र असार संक्रान्तिमा प्रकृति पूजक मगर समुदायले भूमीको  पुजागरी आफ्नो मौलिक परम्परा, कला सँस्कृति, भेषभूषा, संगीतका साथ नाचगान गरेर धुमधामका साथ मनाउदै आएको भूमे पर्व दिन प्रतिदिन नजिकिदै छ। परापूर्वकाल देखिनै विशेष गरी खामभाषी मगर समुदाय रहेका घना बस्तिमा मनाउने गरेको भूमे पर्वको साँस्कृतिक परम्परा अन्य जनजाति, दलित समुदाय जातजातिको समेत साझा सँस्कृति र सम्पतिको रुपमा विकास हुँदै हामी सबैको गौरव र पहिचान बन्दै आएको छ। सर्वप्रथम निकटतम भूमे पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण पुथा उत्तरगङ्गा बासि आमाबुवा, दाजुभाई, दिदिबहिनी र संसारभर छरिएर रहनुभएका  भूमे प्रेमी आम महानुभावहरु प्रति यहाँहरुको सु-स्वास्थ्य दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

पुथा उत्तरगङ्गा गाउँपालिकाले भूमे पर्वको अवसरमा मौलिक सँस्कृति संरक्षण र पुस्तान्तरणको उद्देश्य सहित २०८१।०३।०१ गते देखि आयोजना हुने भूमे सँस्कृतिक महोत्सव-२०८१ भब्बे र सभ्य तवरले मनाउन यस पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको मिति २०८१।०२।३१ र ३२ गते सम्पन्न २७ औँ बैठकको निर्णयानुसार २०८१।०३।०१ र २ गतेका दिन  पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका सम्पूर्ण सार्वजनिक निकायहरूमा बिदा दिने भनि निर्णय गरेकाले सोहि बमोजिम पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र उक्त दिन सार्वजनिक बिदा दिइएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। आदरणीय महानुभावहरु ! भूमे पर्व २०८१, आ-आफ्नो टोल-वस्ति-गाउँमा आ-आफ्नो रितिथिती र मौलिकताका साथ मनाउनहुन पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु।

(पुनिराज घर्तिमगर)
अध्यक्ष

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष